तपाईले लीगल ऐडको लागी फोन गरेर अथवा स्थानिय् लिगल एडको अफिसमा गएर निवेदन दिन सक्नु हुन्छ।

तपाईले लिगल एड लाई निम्न जानकारी दिनु पर्ने हुन्छ :

- तपाईको आम्दानीको प्रमाणहरु जस्तै तलवको अधकट्टी र तपाईको पछिल्लो इनकम टेक्स रिटर्न अथवा नोटीस् अफ एसेसमेन्ट्
- न्यायालय को कागजपत्रहरु, कानुन लागेको कागजातहरु र तपाईको मुद्धा सम्बन्धी न्यायालय को आदेशहरु
- परिचय पत्र, जस्तै तपाईको हेल्थ कार्ड अथवा ड्राइभर लाइसेन्स्।

## मैले लिगल एडको लागी निवेदन दिएँ र मेरो लागी लिगल एड सर्टिफिकेट स्वीकृत भयो। यो भनेको के हो ?

लिगल एड सर्टिफिकेट भन्नाले तपाईले एक निजि व्यवसायीक वकिल ( जसले लिगल एड को अफिसमा काम गर्दैन) नियुक्ती गर्न सक्नु हुन्छ , जसले तपाईको प्रतिनिधित्व लिगल एडको दरमा गर्ने छ । लिगल एडले उनीहरुको फिस तिर्दछ। हरेक लिगल एड अफीसमा स्थानिय वकिलहरु जस्ले सर्टिफिकेट लाई पहिले लिंदै आएको छ अथवा सर्टिफिकेट लिन्छु भनेर वचन दिएको छ, तिनिहरु को एउटा लिस्ट छ। यदी तपाईले एक स्थानिय वकिल पाउनु भयो जो लिस्ट मा छैन भने लिगल एडले त्यो वकिल लाई सर्टिफिकेट दिन सक्दछ।

## मैले के गर्न सक्छु मलाइ लिगल एड नदिएमा ?

एक व्यक्ती जसलाई नोभो स्कोसीयामा लिगल एड दिइदैन त्यस निर्णय विरुद्ध अपिल गर्ने हक हुन्छ। तपाईले अपिल कमिटिलाई यी कारणहरुले मलाइ लाग्छ मैले लिगल एड पाउनु पर्छ भनी एउटा पत्र लेख्नु पर्दछ। तपाई लाई १५ मिनेटको अपिलको लागि समय दिइन्छ। तपाईले समयमा मान्छे अथवा फोनमा कुरा गर्न, अथवा तँपाइ वहाँहरु लाई खाली तपाईको पत्र पढी दिन अनुरोध गर्न सक्नु हुन्छ। यदी तपाईको मानिसनै भटने समय छ भने तपाईले आफ्नो एक समर्थक लिएर आउन सक्नु हुन्छ।

प्राय एक हप्ता भित्र अपिल कमिटिले आफ्नो निर्णय तपाई लाई पत्र अथवा फोन बाट जानकारी गराउँनेछ।

## मैले न्यायालयमा हाजिर हुनु भन्ने सुचना भटेको छ। म कहाँ जानु पर्ने हुन्छ ?

ठेगानाको साथै मिति र न्यायालयमा हाजिर हुने समय पनि सुचनामै दिएको हुन्छ। न्यायालय को ठेगाना र ठाउँको लागि पम्प्लेतको अन्तमा रहेको नोभोस्कोसीया भित्रका विभिन्न न्यायालय सम्वन्धी लिंक हेर्नुहोस।

## के मैले न्यायालय जाँदा वकील लाई लिएर जानु पर्दछ ?

पर्दैन, प्राय जसो आफ्नो प्रतिनिधीत्व आफै गर्न पाउनु हुन्छ। यस लाई स्वयं- प्रतिनिधीत्व भन्दछ। तपाईले बैंकराप्सीको न्यायालयमा चै स्वयं-प्रतिनिधीत्व गर्न पाउनु हुन्न। यदी तपाई स्वयं-प्रतिनिधी बन्ने हो भने तपाईले कोर्ट अफ नोभो स्कोसीयाको वेव साइटमा भएको स्वयं-प्रतिनिधीत्व गर्ने सम्वन्धी जानकारी साधनहरु हेर्न रुचाउनु हुन्छ होला। तपाईले आफ्नो स्वयं-प्रतिनिधीत्व गर्न न्यायालय जानु अधी कानूनी सल्लाह लिनु राम्रो विचार हुनेछ।

## मैले एक ट्राफिक टिकट को जरीवाना कसरी तिर्न सक्छु ?

त्यही टिकट मै कसरी तिर्न सक्नु हुन्छ भन्ने विवरणहरु हुन्छ। प्राय जस्तो तपाईले अन लाइन्, मान्छेनै गएर, अथवा हुलाक द्धारा तिर्न सक्नु हुन्छ। टिकट को जरीवानाहरु कसरी तिर्ने भन्ने अरु जानकारीको लागी नोभा स्कोसीया सरकारको वेवसाइत **nsjustice.com** मा हेर्नुस, अथवा १ ८७७ ४४५ ४०१२ मा फोन गर्नुस्।

पार्किङ्ग टिकटहरु चाँही मुनिसिपल सरकारले हेर्ने भएकोले तपाई पार्किङ्ग टिकटहरु कसरी तिर्ने भन्ने वारे चाँही तपाई को मुनिसिपल सरकारको वेब् साइट मा हेर्नुस। यदी तपाईले ट्राफिक अथवा अरु टिकट नतिर्नु भएको खण्डमा तपाईले न्यायालय जानुस् भन्ने सुचना पउनु हुनेछ।

## जानकारीहरु :

शुरु गर्नुस एल आई यस् एन यस् को अनलाइन कानूनी जानकारी बाट, तपाईले धेरै कानूनी प्रश्नहरु को उत्तरहरु पाउनु हुनेछ : www.legalinfo.org

तपाईले ऐनहरु को अरु जानकारी यहाँ अन लाईन पाउँन सक्नु हुन्छ :

- क्यानाडामा का ऐनहरु : http://laws.justice.gc.ca
- नोभा स्कोसीया ऐनहरु : http://nslegislature.ca/legc/index.htm
- नगरीय सरकारका नियमहरु : http://www.gov.ns.ca/snsmr/muns/

नोभा स्कोसीया को विभिन्न न्यायालयको अरु जानकारीको लागी, जानुस् www.courts.ns.ca । न्यायालयको सम्पर्क जानकारीको लागी, जानुस् www.gov.ns.ca/just/Court_Services/justice_centres.asp.

संघिय संसदको वेब् साइटमा संबिधान र हाम्रो सरकारको विधी सम्वधि एक अन लाइन् प्रकाशन राखिएको छ : www.parl.gc.ca/About/Parliament/SenatorEugeneForsey/Home/Index-e.html

अधिकारहरु र स्वतन्त्रताहरुको अधिकार पत्र वारे अरु जानकारीको लागी, जानुस् http://laws.justice.gc.ca/eng/charter/page-1.html

कार्यरत परामर्शदाता वारे अरु जानकारीको लागी, जानुस्: www.nslegalaid.ca/provided.php

नोभा स्कोसीया लिगल एड अफिसहरुका लिस्ट : www.nslegalaid.ca/contact.php

डालहाउजी लीगल ऐड सर्भिस :

फोन ९०२ ४२३ ८१०५ , अथवा इमेल legalaid@dal.ca उनीहरुले इमेल बाट कानूनी सल्लाहहरु दिदैनन्।

हेलीफ्याक्स रेफ्युजी क्लिनिक : १५८१ ग्राफटन स्ट्रीट, हेलीफ्याक्स, एन एस, बि३जे २सी३

फोन ९०२ ४२२ ६७३६ अथवा उनीहरुको वेब साइत हेर्नुहोस् http://halifaxrefugeeclinic.org

न्यायालयमा स्वयं-प्रतिनिधीत्व गर्ने सम्वन्धी जानकारी साधनहरु : www.courts.ns.ca/self_rep/self_rep_kits.htm

अन लाइन् टिकट तिर्न : www.gov.ns.ca/snsmr/access/online-services.asp

*यो पम्प्लेटले तपाई लाई साधारण कानूनी जानकारी दिन्छ, यसले कानूनी परामर्श दिदैन।*

LEGAL Information SOCIETY OF NOVA SCOTIA

5523 B Young Street
Halifax, Nova Scotia
Canada B3K 1Z7

NOVA SCOTIA

नोभा स्कोसिया प्रोभिन्स को सहयोगमा

मार्च २०१२



नवआगन्तुकहरुले के जान्न जरुरी छ

# यि कानूनहरु

यो पम्प्लेतले क्यानाडामा कानूनहरु कसले वनाउँछ र तँपाइले कानूनी सल्लाहको लागी जान्नु पर्ने कुराहरु को व्याख्या गर्दछ।

LEGAL Information SOCIETY OF NOVA SCOTIA

कानून एउटा प्रकृया हो जसले हकहरु र जिम्मेवारीहरु को व्याख्या गर्दछ र आचरण लाई नियमित गर्दछ। उनीहरुले समाजको आदर्श लाई प्रतिविम्वित गर्दछ। क्यानाडामा तिन तहका सरकारहरुले कानूनहरु वनाउँदछ : संधिय, प्रान्तीय र नगरीय (स्थानीय समुदाय्) सरकार।

## कसरी क्यानाडा को कानूनहरु बनाइन्छ ?

कानूनहरु क्यानाडामा दुइ किसिम वाट बनाइन्छ :

संधिय र प्रान्तिय सरकारहरुले नियमहरु बनाउने गर्दछ। तिनिहरुलाई ऐन कानूनहरु पनि भन्दछ। उदाहरणको लागी, क्यानाडाको मानविय अधिकारहरु सम्वन्धी ऐन एउटा संधिय कानून हो जसले सबै लिंग, असक्षमता अथवा धर्मको आधारमा भेदभाव हुन बाट बचाउँदछ।

संधिय सरकार, जसलाइ क्यानाडा सरकार भनिन्छ ले बनाउने कानूनहरु देश व्यापी रुपमा लागु हुन्छ। उदहरणहरु अपराध सम्वन्धि कानूनहरु र पारपाचुकेको सम्वन्धि कानूनहरु।

प्रान्तले वनाउने कानूनहरु प्रान्त भित्र मात्र लागु हुन्छ। उदाहरणहरु घरधनी र वहालवाला सम्वन्धि कानूनहरु र शिक्षा सम्वन्धि कानूनहरु।

मुनिसिपालितिहरु, शहरहरु, र नगरहरुको त्यहाँ वस्ने मानिसहरुको लागी उपनियमहरु बनाउने अधिकार हुन्छ। उदाहरणहरु पार्किङ्ग संम्वन्धि कानूनहरु र ध्वनी सम्वन्धि कानूनहरु।

मुद्दा संम्वन्धि कानून न्यायाधिसहरुले न्यायालयमा दिने कानूनी निर्णयहरु द्वारा बनाईन्छ।

न्यायालयले कानून को व्याख्या गर्दछ। उनिहरुले मानिसहरुले कानूनको उल्लंधन गरेको खण्डमा कस्तो सजायको भागीदार हुन्छ भनी निर्धारण गर्दछ।

## के भिन्न छन त अपराध संम्वन्धि कानून र देवानी कानूनमा ?

अपराध संवन्धि कानून (दन्ड विधि) मा त्यो कानूनहरु समावेस हुन्छ जसले गैरकानूनी कृयाकलाप विरुद्ध कारवाही गर्छ किनकी तिनिहरुले सार्वजनिक सुरक्षा र आफ्नै संम्वृधी लाई खतरा पु-याउदछ। यस्ता कृयाकलाप लाई अपराध अथवा कूकर्म भन्दछ। अपराध संम्वन्धि कानूनहरु ले विभिन्न अपराध को लागी सजाय पनि तोक्दछ।

अपराध संम्वन्धि कानूनका केहि उदाहरणहरु हुन , मदिरा सेवन गरेर गाडी चलाउनु , चोरी गर्नु , र आक्रमण गर्नु हो। आक्रमण भन्नाले कुनै अरु व्यति लाई जानिजानि चोट पु-याउनु हो। कुनै पनी व्यक्ती जसलाई दन्ड विधिको उलंधन को आरोप लागेको हुन्छ उसले एक न्यायाधिस को अधी जाँचबुझ गराउन पाउँने अधिकार हुन्छ। दन्ड विधि सम्वन्धी अरु जानकारी को लगी *नव आगन्तुकहरु के जान्न जरुरी छ – अपराध कानून* भन्ने पम्प्लेत हेर्नुहोस।

देवानी कानून चाँही मानिसहरु विचको अथवा एक व्यक्तीको एक समूह अथवा व्यवसाय संग को झै झगडा हो। कामदार संम्वन्धि कानून, घरधनी र वहालवाला संम्वन्धि कानून र विवाह संम्वन्धि कानून र पारिवारिक संम्वन्धि कानून यसका उदाहरणहरु हुन।

## अधिकारहरु र स्वतन्त्रताहरुको अधिकारपत्र भन्नाले के बुझिन्छ ?

क्यानेडियन् अधिकारहरु र स्वतन्त्रताहरुको अधिकार पत्रले क्यानाडाको वसिन्दा र सवै क्यनाडियन् नागरीकहरु को साधारण अधिकारहरु र स्वतन्त्रताहरु को वारेमा व्याख्या गर्दछ। यो क्यानाडा को संविधान भाग हो। संविधान एउटा यस्तो दस्तावेज हो जसले देशको सरकार प्रकृया, उस्को जनताको सार्वजनिक अधिकारहरु छुत्याउँछ। कुनै अधिकारहरु र स्वतन्त्रताहरु कोही क्यानाडाको नागरीकले मात्र पाउँदछ, जस्तो भोट खसाल्ने। अरु अधिकारहरु र स्वतन्त्रताहरु क्यानाडाका सवै वासिन्दाले पाउँदछ। जस्तै, वाक स्वतनत्रता, गिरफ्तारी संम्वन्धि अधिकारहरु।

## मलाइ कहिले एक वकिलको जरुरत पर्दछ ?

त्यस्ता धेरै समयहरु आउन सक्छ जहाँ तपाईले कुनै कानूनी सल्लाह लिनको लागी एक वकिल नियुक्त गर्नु पर्ने हुन्छ। उदाहरणको लागी, तपाई लाई नयाँ व्यापार सुरु गर्न, घर किन्न अथवा बेच्न, र वसियट वनाउन लाई एक वकिलको जरुरत पर्न सक्दछ।

तपाई लाई कानुनी सल्लाहको जरुरत त्यस वेला पर्न सक्दछ, जव तपाईले अरुलाई न्यायालय लानु पर्ने भो अथवा तपाई लाई कसैले न्यायालय लैजाने भयो, यदी तपाई कुनै कार दुर्घटनामा घाइते हुनु भयो, अथवा अरुले तपाई लाई अपराध सम्वन्धि मुद्दा हाल्यो। यी सवै समयहरुमा तपाईको प्रतिनिधित्व गर्न पनि तपाइले एक वकिलको नियुक्ती गर्नु पर्ने हुन्छ।

नोभा स्कोसीयामा खाली योग्य, लाइसेन्स प्राप्त, विमा भएको वकिलहरुले मात्र तपाई लाई कानुनी सल्लाह दिन सक्दछ। नोभा स्कोसीया बरिस्ट्र सोसाइटीले एकटा लिस्टमा योग्य वकिलहरु को नाम हाली आफ्नो वेब साइतमा हालेको छ : www.nsbs.org

## ५ मैले कसरी वकिल पाउन सक्छु ?

तपाईले छिमेकी संग सोधपुछ गर्नुस कुनै राम्रो वकिल को सिफारिसको लागी जस्ले उनीहरुको लागी काम गरी सकेको छ। यदी त्यो वकिलले तपाई लाई चाँहिने किसिम को कानूनी सल्लाह दिन सक्दैन भने वकिल लाई नै अरु कुनै व्यक्ती सुझाव दिन भन्नु।

वकिल सिफारिस सेवाको जानकारीको लागी लिगल इनर्फमेसन सोसाइती अफ नोभा स्कोसीया मा फोन गर्नु होस।

अथवा, फोन किताबको पहेलो पन्नाहरुमा “लयर्स” को तलतिर हेरे हुन्छ।

## के जानकारीहरु मेरो वकिल लाई चाँहिन्छ ?

तपाईले वकिल संग भेटने समय लिनु भएको छ भने, तयार हुनुस्। तपाईको मुद्दा संम्वन्धी जानकारीहरु लिएर जानुस्, जस्तै न्यायालयमा उपस्थीत हुने दिन र समय र न्यायालयको आदेसहरु को कागजपत्रहरु। तपाईको वकिल लाई तपाईको हालै वसेको ठेगाना र फोन नंम्वर पनि चाहिन्छ।

वकिल लाई उ अथवा उनी लाई नियुक्ती गर्दा कती लाग्छ र मुद्दा कती लामो हुन्छ भन्ने सोध्न नडराउनुस्। प्राय जस्तो वकिलहरुले तपाईको केही काम गर्नु अघीनै केही शुल्क माग्दछ। यो शुल्क लाई “दावी राख्नु” भन्दछ।

वकिल लाई नियुक्ती गर्नु भए पछी उ अथवा उनी तपाईको संदर्भमा अर्को पक्षको वकिलको लाई संपर्क गर्ने व्यक्ती हुनेछ। तपाईले आफ्नो वकिल लाई नदेखाइ कुनै पनी कानूनी कागजातहरु सही गर्न र संम्झौताहरु गर्न हुदैन।

यदी तपाईले आफ्नो वकिल लाई भट्ने समयमा भेट्न सक्नु हुन्न भने उँहा अथवा उनी लाई छिटै भन्नु पर्ने हुन्छ र अर्को भेटको लागी नयाँ मिति मिलाउनु पर्ने हुन्छ।

यदी तपाईको मुद्दा को सम्वन्धमा केही प्रश्नहरु भएमा तपाईको वकिलसंग त्यो कुरा गरी हाल्नु पर्दछ। तपाईको वकिलले तपाईको चाहनाको कदर गर्नु पर्दछ। उनीले अथवा उसले तपाई लाई तपाईको परिस्थिती संम्वन्धमा, र तपाईले के गर्नु पर्छ भन्ने सल्लाह दिन्छ। तपाईको वकिलले दिएको सल्लाहमा सोच विचार गर्नु होस्। तपाईले तपाईको वकिलको सल्लाह मान्न जरुरी छैन, तर तपाईले आफ्नो वकिल लाई तपाईले के गर्न चाहनु हुन्छ भनेर भन्नु पर्दछ।

तपाई न्यायालयमा पुग्नु पर्दछ यदि तपाईको वकिलले तपाई लाई त्यहाँ वोलाएमा। यदी तपाई न्यायालयनी आउनु भएन अथवा तपाईको वकिल लाई कुनै जानकारी गराउनु भएन भने तपाईको वकिलले मुद्दा छोड्न सक्दछ। यदी तपाईको वकिलले तपाईको भनाइ तर्कहीन ठानेमा उ अथवा उनीले तपाईको वकिल भै रहन अश्विकार गर्न सक्दछ।

## यदी म संग वकिल छैन, म न्यायालय जानु परेमा के मलाइ सहयोग मिल्छ ?

कुनै न्यायालयमा एक कार्यरत परामर्श वकिल ले तपाई लाई कानूनी सल्लाह दिन सक्दछ। तपाई जाने न्यायालयमा उनिहरुको कार्यरत परामर्श वकिल उपलब्ध छकी भनेर तपाईले न्यायालय अथवा नोभा स्कोसीया लिगल ऐड मा फोन गरी पत्ता लगाउन सक्नु हुन्छ। कार्यरत परामशदाता ले तपाई लाई संक्षेपमा निशुल्क सल्लाह दिन सक्छ। “संक्षेप सल्लाह” भन्नाले तपाईले वकिल लाई दिनु भएको जानकारी आधारमा तपाई लाई फोन वाट अथवा एक वकिल संगको छोटो भेटवार्ता मा तपाई लाई दिइने साधारण कानूनी सल्लाह र जानकारी बुझिन्छ।

एक कार्यरत परामर्श वकिलले न्यायालयमा तपाईको लागी प्रतिनिधित्व गर्दैन।

## मैले कसरी निशुल्क कानूनी सेवा पाउन सक्छु ?

नोभा स्कोसीया लीगल ऐडले एक वकिलको खर्च व्यहोर्न नसक्ने मानिसहरु को लागी निशुल्क कानूनी सहयोग पु-याउदछ। नोभा स्कोसीया लीगल ऐडले कुनै परीवार र अपराध संम्वन्धी मुद्दा हेर्ने गर्दछ। यस्ले अरु पनी कानुनी समस्याहरु मा सहयोग पु-याउने गर्दछ। तपाईले नोभा स्कोसीया लीगल ऐडमा सम्पर्क गरी हेर्न सक्नु हुन्छ के उनीहरुले तपाई लाई सहयोग गर्न सक्दछ।

नोभा स्कोसीयामा निम्न आम्दानी भएको व्यक्तीहरुको हकहरुको लागी संधर्ष गर्न डालहाउजी लीगल ऐडले चाँही समुदायमा गएर “परिक्षण मुद्धाहरु” मा काम गर्दछ।

उत्तप्रवाश का मुद्दाहरु, रेफ्यूजी को सुनवाइहरु सहित, लीगल ऐडको लागी उपयुक्त ठानीदैन। ह्यालीफ्याक्स रेफ्यूजी क्लिनिक ले चाँही यदी तपाई रेफ्यूजी हुनु हुन्छ भने मद्दत गर्दछ। उनीहरुको सम्पर्क जानकारी पाम्फ्लेतको तलतीर छ।

लीगल ऐडको लागी योग्य हुन तपाईले ईनकम एसिस्टेन्स् ( सरकारी आर्थिक सहयोग ) पाइरहेको हुनु पर्दछ। अथवा धेरै निम्न आम्दानी भएको हुनु पर्दछ।